# Nepal Red Cross Society, Kaski

Final Report on
Dengue Prevention and Control Activities 2025

---

## 1) Background

With the start of the monsoon season, the spread of dengue fever rapidly intensified across Nepal. Kaski District was significantly affected and was categorized as one of the high-risk areas. In response to this public health concern, the Nepal Red Cross Society, Kaski Chapter, along with its Subchapters, was been actively implementing various dengue awareness and prevention activities in coordination with local authorities and communities.

This time the dengue prevention and control activities were carried out with financial support from the British Red Cross (BRC) and NRCS Headquarters (HQ). The joint effort has enabled the successful completion of several community-based prevention and control initiatives within the district.

## 2) Current Situation

- The number of dengue patients in the community remained active during the reporting period.
- Dengue larvae were widely found across multiple areas within the community.
- A recent survey conducted in five communities, covering 60 households, revealed the presence of dengue larvae in 15 households, indicating a high level of risk.
- Encouragingly, the number of dengue patients this year was lower than last year, suggesting that prevention and awareness efforts have had a positive impact.

## 3) Achievements and Impact

The dengue prevention and control program implemented by NRCS Kaski has contributed significantly to reducing the number of dengue cases in the community. Mobilization of trained volunteers to conduct awareness and sanitation campaigns has been found to be an effective approach.

Communities have shown increased participation in cleanliness drives and preventive actions after the intervention.

**4) Conducted Activities**

To control the spread of dengue and raise community awareness, the Nepal Red Cross Society, Kaski Chapter, carried out the following key activities:

1. **Door-to-door and community-level awareness campaigns**
   - Dissemination of information on dengue prevention and control measures.
2. **Orientation programs in schools**
   - Awareness sessions with mother groups, students and teachers to promote dengue prevention practices.
3. **Information dissemination through youth volunteers**
   - Mobilization of Red Cross youth members to spread key messages in communities.
4. **Distribution of IEC (Information, Education, and Communication) materials**
   - Leaflets, materials distributed to increase public understanding of dengue prevention.

**Activities with data**

| S.N. | Activities | Number of Events | Beneficiaries (Persons) | Remarks |
|---|---|---|---|---|
| 1 | Dengue prevention programs in schools through Junior and Youth Circles | 28 times | 2068 | |
| 2 | Orientation on dengue control in sub-Chapter, mothers' group, youth club and other group. | 27 times | 2652 | |
| 3 | "Search and Destroy" campaign involving volunteers | 22 times | 12000 | |
| 4 | Production and distribution of posters and pamphlets | 1 times | 10000 | |

| | | | | |
|---|---|---|---|---|
| 5 | Conduct media Mobilization to Disseminate massage | 2 Radio | 20000 | |
| 6 | Stack holder meeting | 1 | 40 | |
| 7 | Door-to-door and community-level awareness campaigns. | 5 volunteer | 14000 | |
| 8 | use social media: Facebook, TikTok and others: More than three lakh people are benefitted | | | |

## 5) Learning and Recommendation

- **i**ncreased Awareness and Community Engagement Since the Search and Destroy campaign is important for reducing dengue infection, it is necessary to conduct programs targeting local mothers' groups and club members, along with the introduction of NRCS volunteers**.**
- Effectiveness of School and Teacher Orientation Providing information through school students has also proven to be effective in raising community awareness.
- Impact of the Search and Destroy Campaign Dengue control will be effective if well-planned and properly executed activities are conducted under the Search and Destroy campaign**.**
- Working together with Red Cross volunteers and Female Community Health Volunteers (FCHVs) has proven to be effective in this campaign
- Volunteer Mobilization and Community Trust Active volunteer mobilization and building community trust make dengue control efforts more effective.
- Door-to-Door Visits Conducting house-to-house awareness campaigns helps to further enhance the effectiveness of dengue control initiatives.
- Using social media for Dengue Messaging Effectively providing dengue-related information through social media platform**s** is recommended to reach a wider audience.

## 6) Conclusion

The dengue prevention and control initiative led by NRCS Kaski, with the support of BRC and NRCS HQ, has been successfully implemented. The program has

increased community awareness, improved sanitation practices, and contributed to reducing dengue transmission in the district. Continued collaboration among communities, local authorities, and volunteers remains crucial to sustain these efforts and prevent future outbreaks.

Photos:




*Figure 1"Search and Destroy" campaign*




*Figure 2Social media through massage deliver.*








माइकिङ कार्यक्रम

# डेंगीबाट ५ सय प्रभावित

**समाधान संवाददाता**
पोखरा, १२ कात्तिक



लामखुट्टेको टोकाइबाट सर्ने डेंगी रोगको संक्रमणबाट कास्कीमा ५ सय जना संक्रमित भएका छन् । कास्कीमा गत वर्ष ९ हजार ८ मानिस संक्रमित भएको जिल्ला स्वास्थ्य कार्यालय कास्कीका प्रमुख रामबहादुर नेपालीले जानकारी दिए ।

कास्कीमा सन २०२३ मा ३ हजार ६९ जना व्यक्ति संक्रमित भएका थिए । सन २०२२ मा कास्कीमा १ हजार ३ सय ४७ जना व्यक्ति डेंगीबाट संक्रमित भएको जनस्वास्थ्य कार्यालयको तथ्यांकमा उल्लेख छ । नेपाल रेडक्रस सोसाइटी कास्कीले बुधबार आयोजना गरेको डेंगी रोग संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरोकारवालाबीचको समन्वयात्मक कार्यक्रममा उनले यो वर्ष समुदाय स्तरमा प्रभावकारी कार्यक्रम भएकाले डेंगीको संक्रमणलाई रोकथाम तथा नियन्त्रण सम्भव भएको उनले जानकारी दिए ।

उनले गत वर्ष कास्की देशभरीमा डेंगीबाट सबभन्दा बढी प्रभावित जिल्ला भएको स्मरण गरे । 'कास्कीमा गत वर्ष ९ हजार ८ सय जना संक्रमित भए । डेंगी संक्रमणबाट ६ जनाको मृत्यु भयो,' उनले भने, 'उच्च स्तरको भेला बैठक गरियो । तर समुदाय स्तरमा चुस्त, दुरुस्त कार्यक्रम लैजान सकिएन ।' उनले सामान्यतया जेठ महिनाबाट डेंगी संक्रमण सुरुवात भएर साउन भदौ महिनामा बढी हुने जानकारी दिए ।

उनले डेंगी संक्रमणलाई शून्यमा झार्न नसके पनि सुरुवातमा प्रभावकारी काम गरे न्यूनीकरण गर्न सकिने बताए । उनले सामूहिक प्रयासमा समुदाय स्तरमा प्रभावकारी कार्यक्रम गरेको कारण यो वर्ष डेंगी संक्रमितको संख्या ५ सय नकटेको जानकारी दिए । उनले अहिले लामखुट्टेको बासस्थानको पहिचान गरी लार्भाको खोज नष्ट अभियानलाई प्रभावकारी रुपमा गरेर अर्को वर्ष संक्रमण अझै फैलने नदिने बताए ।

कार्यक्रममा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले विश्व स्वास्थ्य संगठनले डेंगीलाई महामारीको रुपमा फैलने रोगमध्ये १० नम्बरमा राखेको जानकारी दिए । जाडोमा पनि डेंगीको संक्रमण बढनु स्वास्थ्य क्षेत्रको चुनौती भएको उल्लेख गर्दै उनले डेंगी संक्रमणको दृष्टिले १२ महिना नै जोखिममा रहेको बताए । उनले अहिले पनि श्रम क्षेत्र र वडा तहमा नियमित कार्यक्रम गर्नुपर्ने उल्लेख गरे ।

उनले काममा दोहोरोपन हुन नदिएर सरोकारवाला निकायले कार्यक्षेत्र विभाजन गरेर सचेतनामूलक कार्यक्रम गर्नुपर्ने प्रस्ताव गरे । नेपाल रेडक्रस सोसाइटी कास्की सभापति उर्मिला खड्का भण्डारीले ब्रिटिस रेडक्रस तथा नेपाल रेडक्रस सोसाइटीको सहकार्यमा रेडक्रस कास्की जिल्ला शाखाले डेंगु रोकथाम तथा प्रतिकार्यका लागि

> **यो वर्ष समुदाय स्तरमा प्रभावकारी कार्यक्रम भएकाले डेंगीको संक्रमण नियन्त्रणमा**

विशेष अभियान सञ्चालन गरिरहेको जानकारी दिइन् । उनले ठूलो सञ्जाल रहेको रेडक्रसले ५ पालिकाका ४८ उपशाखामार्फत समुदाय स्तरमा डेंगी रोग संक्रमण रोकथाम नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गरेको उल्लेख गरिन् ।

खड्काले रेडक्रस कास्कीमा १५ हजार स्वयंसेवक रहेको बताइन् । रेडक्रसले स्वास्थ्य क्षेत्रको संकट र महामारीमा समेत काम गर्ने जानकारी दिँदै उनले कोभिड १९ तथा डेंगी रोगको संक्रमण लगायतका मानवीय विपत्तीको अवधिमा सेवाको क्षेत्रमा काम गरेको उल्लेख गरिन् ।

रेडक्रस कास्की उपसभापति रमा कोइराला न्यौपानेले टोल विकास संस्था, आमा समूहलाई केन्द्रीत गरी सामूहिक रुपमा कार्यक्रम गरेको जानकारी दिइन् । रेडक्रस कास्कीमा मन्त्री सन्तोष अधिकारीले रेडक्रस कास्कीले गत वैशाख महिनादेखि डेंगी संक्रमण फैलाउने लामखुट्टेको खोज र नष्ट अभियान गरेको बताए ।

रेडक्रस कास्की कोषाध्यक्ष मोहनसिंह खड्काले सरोकारवाला निकायले एकीकृत ढंगले कार्यक्रम गरे बढी प्रभावकारी हुने दाबी गरे । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका डेंगी रोकथाम तथा प्रतिकार्य कार्यक्रमका फोकल पर्सन नवराज भण्डारीले वर्षातको सुरुवात र तापक्रमको बृद्धिले डेंगी संक्रमण बढेको बताए । सामाजिक सञ्जालको प्रयोग, स्थानीय समुदायको अपनत्वमा तथा विद्यालय स्तर गरेको कार्यक्रम अत्यन्तै प्रभावकारी भएको उल्लेख गरे । उनले डेंगी संक्रमण फैलाउने लामखुट्टेको लार्भा खोज र नष्ट गर्नु नै डेंगी रोकथामको मुख्य उपाय भएको जनाए ।

# भूमेश्वर र वाराहीमा डेंगु सचेतना




**आदर्श समाज**
पोखरा, २५ कात्तिक

ब्रिटिस रेडक्रस तथा नेपाल रेडक्रस सोसाइटी सहकार्यमा रेडक्रस कास्कीद्वारा सञ्चालित डेंगु संक्रमण तथा रोकथाम कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

यसैक्रममा, कास्की जिल्लाभित्रका विद्यालयमा अभिमुखीकरण, संकटासन समुदायका टोलटोलमा खोजी र नष्ट गर अभियान मार्फत समुदायमा सचेतना दिइएको छ ।

हाले, माछापुच्छ्रे गाउँपालिका ६, धितालस्थित भूमेश्वर माध्यमिक विद्यालयमा डेंगु सचेतनासम्बन्धी अभिमुखीकरण भएको छ ।

ग्रामीण भू-भाग तथा विद्यालयमा समेत खाल्टाखुल्टीमा पानी जम्मा हुनु, अव्यवस्थित फोहर तथा प्लास्टिक र सीसाजन्य बोतल एवम् बिर्कोहरुमा पानी जम्मा भई लामखुट्टेको बासस्थान बृद्धि गर्न सहयोग पुग्नेखालका गतिविधि भएकोले अभिमुखीकरण गरिएको प्रशिक्षक नवराज भण्डारीले बताए । साथै जलवायु परिवर्तनका कारण तापमानमा बृद्धि भएकाले लामखुट्टेको संख्यासमेत वृद्धि भएको उल्लेख छ । जुनियर रेडक्रस सर्कल भूमेश्वर मावि अध्यक्ष दीपेन ढुंगानाको अध्यक्षतामा अभिमुखीकरण भएको हो ।

त्यस्तै, पोखरा ५ स्थित वाराही माविमा पनि डेंगु सचेतनासम्बन्धी अभिमुखीकरण गरिएको छ । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति रमा न्यौपाने कोइरालाले विद्यार्थीमार्फत समुदायमा डेंगुबारे सचेतना फैलाउन खोजेको बताइन् ।

प्रधानाध्यापक शिवप्रसाद भण्डारीले कार्यक्रम प्रभावकारी भएको सुनाउँदै हरेक विषयमा सचेतनाको क्षेत्र विस्तार गर्दै लैजानुपर्ने जनाए ।

जुनियर रेडक्रस सर्कल अध्यक्ष पूजा बैजूको अध्यक्षतामा भएको उक्त कार्यक्रम शिक्षक नायक राधादेवी तिमिल्सिनाले संचालन गरिन् ।

कार्यक्रमबीच प्रशिक्षक भण्डारी, सहजकर्ता सुनिता पौडेल तथा स्वयंसेवक हेमाया तामाङले रेडक्रस अभियान, डेंगु संक्रमणका कारण, त्यसबाट बँच्ने उपाय, संक्रमण भएमा देखिने लक्षणलगायत विषयमा प्रस्टाए ।

अभिमुखीकरणपश्चात् दुवै विद्यालयमा खोज र नष्ट गर अभियान संचालन गरियो । सो क्रममा विद्यालयका केही ठाउँमा लामखुट्टेका फूल तथा लार्भा भेटिएकोमा नष्टसमेत गरियो ।




# नेसनल इन्भेन्टिभमा सचेतना

**आदर्श समाज**
पोखरा, ११ मंसिर

ब्रिटिस रेडक्रस तथा नेपाल रेडक्रस सोसाइटीको समन्वयमा रेडक्रस कास्कीद्वारा पोखरा ६ स्थित नेसनल इन्भेन्टिभ माविमा डेंगु सचेतना दिइएको छ ।

अभिमुखीकरणमा नेपाल रेडक्रस सोसाइटी कास्कीका प्रशिक्षक नवराज भण्डारीले डेंगु रोगका लक्षण, त्यसबाट बच्ने उपाय र अवलम्बन गर्नुपर्ने विधिबारे सहजीकरण गरे ।

प्रधानाध्यापक उमा लामिछानेले रेडक्रस परिवारलाई धन्यवाद दिँदै प्राप्त ज्ञान विद्यालय तथा समुदायमा प्रयोग गरी संक्रमणबाट बच्न विद्यार्थीलाई अनुरोध गरिन् ।

कार्यक्रमपश्चात् विद्यालय तथा वरपर समुदायमा खोज र नष्ट गर अभियान सञ्चालन गरिएको थियो ।



रेडक्रस कास्कीले वर्षाको समयदेखि डेंगु रोग संक्रमणबाट बचाउनको निम्ति सामुदायिक गतिविधिहरु सञ्चालन गर्दै आएरहेको छ । जसअन्तर्गत जिल्लाभित्रका विद्यालयमा अभिमुखीकरण, संकटासन समुदायका टोलटोलमा खोज र नष्ट गर अभियान संचालित छ । फेवातालमा लामखुट्टेले फुल पार्न नसक्ने भए पनि त्यस आसपास रहेका ढुंगा तथा पानीका बोत्तलमा पार्न सक्ने र बासस्थान निर्माण गर्न समेत अनुकूल वातावरण बन्न सक्ने भएकाले शतर्कता अपनाउनुपर्नेमा जोडसमेत दिइएको छ ।